**चौतारा साँगाचोकगढी नगरपालिका**

# नगर राजपत्र

**खण्डः २** **संख्याः १०** **मितिः २०७६/१०/२३**

**भाग-१**

**चौतारा साँगाचोकगढी नगरपालिका**

## चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन विधेयक, २०७६

# चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन विधेयक, २०७६

| | |
|---|---|
| नगर सभाबाट स्वीकृत मिति | २०७६ । १० । २३ |

चौतारा साँगाचोकगढी नगरपालिका

सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन विधेयक, २०७६

**प्रस्तावनाः** नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको अस्थायी तथा करार सेवा अवधि समाप्ति वा अवकाश पछि एकमुष्ठ रुपमा केही रकम सुविधाको रुपमा प्रदान गरी कर्मचारीलाई प्रोत्साहित गर्न, कर्मचारीको मनोबल उच्च राख्न तथा सेवा पछिको भविष्य सुनिश्चित गर्न कल्याणकारी कोष स्थापना गर्न वाच्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी कल्याणकारी कोष स्थापना गर्न चौतारा साँगाचोकगढी नगरपालिकाले यो ऐन बनाई लागू गरिएको छ।

## परिच्छेद – १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम **"कर्मचारी कल्याणकारी कोष संचालन ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा : विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस ऐनमा।**

(१) "ऐन" भन्नाले "कर्मचारी कल्याणकारी कोष संचालन ऐन, २०७६" लाई बुझाउनेछ।

(२) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई बुझाउनेछ।

(३) "वडा कार्यालय" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाका १४ वडाका वडा कार्यालयहरुलाई बुझाउँछ।

(४) "कोष" भन्नाले कर्मचारी कल्याणकारी कोषलाई बुझाउने छ।

(५) "कोष कट्टि" भन्नाले अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको मासिक तलबबाट कर्मचारी कल्याणकारी कोषमा जम्मा हुने गरि काटिएको निश्चित रकमलाई बुझिनेछ।

(६) "कर्मचारी" भन्नाले नगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई जनाउने छ।

(७) "उपदान" भन्नाले अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीले सेवाबाट निवृत हुँदा कार्यरत अवधिमा निजको तलबबाट निश्चित रकम कट्टी गरि नगरपालिकाले निश्चित रकम थप गरी कर्मचारी कल्याणकारी कोषमा जम्मा गरेको रकममा प्राप्त ब्याज समेत जोडी निजले एकमुष्ठ रुपमा फिर्ता पाउने रकमलाई बुझाउनेछ।

## परिच्छेद -२
## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणा :**

(१) नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीलाई सुरक्षित भविष्यको सुनिश्चितता प्रदान गरि सम्पूर्ण कर्मचारीहरुको मनोबल उच्च तथा उत्प्रेरित गरी सेवा प्रवाहको गुणस्तरमा बृद्धि गर्नु कोष स्थापनाको मुल अवधारणा हो।

**४. लक्ष्य :**

(१) नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुले सेवा निवृत हुँदा निश्चित रकम उपदानको रुपमा प्रदान गर्ने।

**५. उद्देश्यः**

(१) कर्मचारीको सुरक्षित आर्थिक भविश्यको निर्माण,

(२) कर्मचारीहरुलाई कामप्रति जिम्मेवार बनाई नगरपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तरीयतामा अभिबृद्धि गर्नु ।

**६. नीति :**

(१) नगरपालिका तथा अन्तर्गत कार्यालयमा कार्यरत अस्थायी तथा करारका कर्मचारीलाई यो सुविधा प्रदान गरिनेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारको शशर्त बजेटबाट तलब प्राप्त गर्ने कर्मचारी तथा कुनै बिशेष आयोजना तथा परियोजनाबाट भुक्तानी प्राप्त गर्ने गरि अस्थायी तथा करारमा नियुक्त कर्मचारीले यो सुविधा प्राप्त गर्ने छैन ।

(३) नगरपालिका भित्रका विद्यालयहरुमा अस्थायी तथा करारका कर्मचारीलाई यो सुविधा प्राप्त गर्ने छैनन् ।

(४) यस कोषमा कट्टि हुने रकमको व्ययभार नगरपालिकाको आन्तरिक आयबाट व्यहोरिने छ ।

## परिच्छेद- ३

## कोषको व्यवस्थापन तथा संचालन सम्वन्धि व्यवस्था

**७. कोषको स्थापना :**

(१) चौतारा साँगाचोकगढी नगरपालिकाको नाममा कर्मचारी कल्याणकारी कोष नाम गरेको एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसमा नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट १०% का दरले कट्टि हुने रकम र सो कट्टि रकममा नगरपालिकाले सोहि रकम बराबर थप गरेको रकम जम्मा गरिने छ ।

(२) उक्त कोष नगरपालिकाले आर्थिक कार्य संचालन गर्ने नेपाल बैंक लि., चौतारा शाखामा कर्मचारी कल्याणकारी कोष खाता खोलि संचालन गर्नु पर्नेछ ।

(३) खाता खोलिने बैंकसंग उक्त कोष अन्तर्गत प्रत्येक कोष कट्टि हुने कर्मचारीको छुट्टा छुट्टै खाता तथा व्यक्तिगत जम्मा र ब्याजको समेत छुट्टै हिसाब रहने व्यवस्था गर्नु पर्ने छ ।

**८. कल्याणकारी कोषमा जम्मा गरिने रकम : कर्मचारी कल्याणकारी कोषमा देहाए बमोजिमका रकम जम्मा हुनेछ ।**

(१) नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट १०% का दरले कट्टि हुने रकम ।

(२) नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करारका कर्मचारीको १०% कट्टि रकममा नगरपालिकाले सोहि रकम बराबर थप गरेको रकम ।

(३) कल्याणकारी कोषमा ब्याज वापत प्राप्त हुने रकम ।

**९. कोष सञ्चालन**

(१) कोषको लक्ष्य तथा उद्देश्यप्राप्त गर्न चौतारा साँगाचोकगढी नगरपालिका स्वयंले कोषको व्यवस्थापन गर्नेछ ।

(२) नियम १०.१ मा परिभाषित कार्य बमोजिम उपदान प्रदान गर्ने बाहेक अन्य प्रयोजनमा यस कोषको रकम प्रयोग गर्न पाइने छैन ।

(३) कोषको आर्थिक तथा प्रशासनिक कार्य नगर कार्यपालिकाको कार्यालयका तोकिएका कर्मचारीबाट हुनेछ । कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) कोषको आर्थिक व्यवस्थापन प्रचलित आर्थिक प्रशासन सम्वन्धी कानून बमोजिम हुनेछ।

(५) कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ। कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखा र सो शाखा स्थापना नभएको अवस्थामा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने छ।

(६) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद - ४
## खर्च प्रणाली

**१०. कोषको खर्च प्रणाली**

(१) कर्मचारी कल्याणकारी कोषमा जम्मा हुन आएका रकम देहाय बमोजिमको उपदान प्रदान गर्ने कार्यमा मात्र खर्च गरिनेछ।

(क) कल्याणकारी कोष कट्टि हुने कर्मचारी कुनै कारणबाट सेवा निवृत भएमा वा अस्थायी तथा करार समाप्त भएमा निजको कोष कट्टि भएको अवधिको कट्टि रकम, नगरपालिकाबाट थप भएको रकम र सो बापत ब्याज प्राप्त भएको भए सो रकम समेत एकमुष्ट हिसाब गरि निज कर्मचारीलाई भुक्तानी गरिनेछ।

(२) कुनै कर्मचारी कल्याणकारी कोषमा रकम जम्मा भएको १ वर्ष नपुगी अगावै सेवाबाट निवृत भएमा वा नैतिक पतन देखिने कुनै कसुरमा सजाय पाई सेवाबाट निश्कासित भएमा निजले निजको तलबबाट कट्टि भएको १०% रकम र प्राप्त ब्याज रकम मात्र उपदानको रुपमा पाउने छ। निजको कोषमा नगरपालिकाको तर्फबाट थप भएको रकम भुक्तान गरिने छैन।

(३) कुनै कर्मचारी सेवा निवृत भई वा अस्थायी तथा करार समाप्त भएमा उपदान रकम प्राप्त गर्न निजले नगर कार्यपालिकाको कार्यालयमा अनुसूची १ बमोजिमको कागजात पेश गर्नु पर्ने छ।

## परिच्छेद - ५
## संसोधन, बचाउ र खारेजी

**११. संसोधन, बचाउ र खारेजी :**

(१) यो ऐनमा उल्लेख गरिएका कुराहरुको हकमा यस ऐन अनुसार र यसमा उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(२) कर्मचारी कल्याणकारी कोष खारेज भएमा कोषमा रहेको सम्पति तथा दायित्व स्वतः नगरपालिकामा सर्नेछ।

**अनुसुची १**

**(दफा १०.३ संग सम्बन्धित)**

१. कर्मचारीको निवेदन।
२. चालु आ.व.को अस्थायी तथा करार सम्झौता/नियुक्ति पत्र।
३. सेवा अवधी प्रमाणित हुने कागजात।
४. सम्बन्धित कार्यालयको सिफारिस।
५. अवकाश पत्र वा करार सम्झौता सकिएको सम्झौताको प्रतिलिपि।
६. कर्मचारी कल्याणकारी कोषको प्रमाणित बैंक स्टेटमेन्ट।

आज्ञाले,
कृष्ण प्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत